# गोलबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
## गोलबजार, सिरहा
प्रदेश नं २,नेपाल

प.सं.२०७६।०७७
च.नं. ९५३

मिति : २०७६।०८।२४

विषय : दिवा खाजा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

**नगर क्षेत्रका सबै सामुदायिक विद्यालयहरु,**

**गोलबजार नगरपालिका ।**

**आ.व. २०७६/०७७ को वार्षिक कार्यक्रमअन्तर्गत नगर क्षेत्रभित्र सामुदायिक विद्यालयहरुमा बाल विकास कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत सबै विद्यार्थीहरुका लागि दिवा खाजा कार्यक्रम तोकिएको कार्यविधि तथा संलग्न निर्देशनका आधारमा संचालन गर्नु गराउनु हुन अनुरोध छ ।**

१. गोलबजार नगर क्षेत्रका सबै सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत सबै बालबालिकाहरुका लागि विद्यालयमा दिवा खाजा उपलब्ध गराउन आ.व. २०७६/०७७ मा प्राप्त प्रति विद्यार्थी दैनिक रु १५। का दरले एक शैक्षिक सत्रमा अधिकतम् १८० दिन(विद्यालय सञ्चालन भएको दिन) का लागि विद्यालयमा निकासा हुने अनुदान रकम विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्याथी विद्यालयको खातामा निकासा दिइनेछ ।

२. विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापक कार्यक्रम कार्यान्वयनका लागि मूलतः जिम्मेवार हुनेछन् ।यस विषयमा आवश्यक निर्णय वा समिति गठन गर्न सकिनेछ ।

३. अनुदान निकासा दिंदा विचालय सञ्चालन भएको दिनलाई आधार मानिनेछ । विद्यालयहरुले विद्यार्थी दैनिक हाजिरी पुस्तिका(परीक्षामा सामेत भएको दिन समेत) तथा दैनिक खाजा खाने कक्षागत विद्यार्थी विवरण विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई मासिक रुपमा नगरपालिकामा पेस गर्नुपर्नेछ । उक्त विवरणअनुसार विद्यार्थी सङ्ख्या यकिन भएपछिमात्र थप निकासा दिइनेछ ।

४. खाजा कार्यक्रम २०७६मंसिर २७ गते शुक्रबारदेखि विद्यालयले सुरु गर्नुपर्नेछ । यस प्रयोजनका लागि विद्यार्थी सङ्ख्याबमोजिम अग्रिम रकम विद्यालयको खातामा निकासा दिइनेछ, वास्तविक हाजिरीका आधारमा उक्त निकासा रकम पछिल्ला निकासामा मिलान गरिनेछ ।

५. विद्यालयले दैनिक कक्षागत उपस्थिति, खाजा खाने बालवालिका संख्याको विवरण टिपोट रजिस्टरको व्यवस्था मिलाउनुपर्नेछ । कक्षागत हाजिरी र दैनिक खाजा खाएका बालबालिका संख्या टिपोट र विद्यार्थीको रजिस्टरको प्रमाणित प्रतिलिपि, विद्यार्थी भरपाइ रकम निकासाको आधार हुनेछ । विद्यालयमा अनुपस्थित भएको विद्यार्थीका लागि उक्त दिनको रकम खर्च गर्न पाइनेछैन ।

६. दिवा खाजाका रुपमा स्थानीय रुपमा उपलब्ध हुने खाद्यान्न, सागसब्जी, फलफूल आदिको सन्तुलित भोजन अनिवार्य रुपमा स्वच्छ, स्वस्थ, गुणस्तरयुक्त, ताजा हुनुपर्नेछ । बजारमा तयारी अवस्थामा रहेका दालमोठ, चाउचाउ, विस्कुट आदि खाद्य सामग्रीको प्रयोगलाई निरुत्साहित गर्नुपर्नेछ ।

७. स्थानीयस्तरमा उपलब्ध हुने खाद्यपदार्थबाट सम्बन्धित विद्यालय खाजा व्यवस्थापन समितिले विद्यार्थीहरूलाई देहायका समूहका खाद्यसामग्रीबाट "दिवा खाजा" तयार गरी विद्यार्थीहरूलाई खुवाउनु पर्नेछ :

(क) कार्बोहाइड्रेट समूह (शक्ति दिने)

जस्तै :- चामल, गहुँ, मकै, कोदो, फापर, जौ, आलु, तरुल, सखरखण्ड आदि ।

(ख) प्रोटिन समूह (शारीरिक विकास गर्ने )

# गोलबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
## गोलबजार, सिरहा
**प्रदेश नं. २,नेपाल**

जस्तै :- भटमास, सिमी, केराउ, चना, गेडागुडी, माछा, मासु, अण्डा आदि ।

(ग) मिनरल समूह (शक्ति दिने, प्रतिरक्षात्मक)

जस्तै :- हरिया सागपात र अन्य हरिया तरकारीहरू ।

(घ) भिटामिन मिनरल्स (शरीरका अङ्गहरूको सन्तुलित विकास र कार्य क्षमता बृद्धि गर्ने)

जस्तै :- आप, स्याउ, सुन्तला, जुनार, नासपती, मेवा, केरा आदि ।

(ङ) चिल्लो पदार्थ समूह,

जस्तै :- घ्यू, तेल, नौनी, दूध, दही आदि ।

माथिका समूहका खाद्यान्नबाट जाउलो, हलुवा, रोटी, हरियो तरकारी, गेडागुडी, फलफूल आदि स्थानीय स्तरमा बन्ने, स्वच्छ गुणस्तरीय खाद्य परिकारहरु ।

८. खाजा व्यवस्थापनका लागि आवश्यक नियमित इन्धन प्रबन्ध दिवा खाजाका लागि निकासा भएको रकमबाट गर्न सकिनेछ । पकाउने चुलो, पकाउने तथा खाने भाँडाकुँडा विद्यालय सञ्चालन व्यवस्थापनका लागि जाने ससर्तबाहेकका एकमुष्ठ अनुदान वा विद्यालयको सञ्चित रकमबाट विव्यसको निर्णयबमोजिम गर्न सकिनेछ । खास शीर्षक तोकिएको निकासा रकम दिवा खाजाका लागि खर्च गर्न पाइने छैन ।

९. विव्यस, शिक्षक अभिभावक संघ, अभिभावक, बालबालिका, वन समिति, स्थानीय स्वास्थ्य तथा पोषणकर्मी, आमा समूहसँग बैठक गरी दिवा खाजा व्यवस्थापनको योजना तयार पारेर आवश्यक सहकार्य गरी विद्यालयको नियमित पठनपाठनमा बाधा नपुग्ने सुनिश्चितता गरी दिवा खाजाको व्यवस्थापन गर्नुपर्नेछ ।

१०. विव्यसले दिवा खाजाका लागि आवश्यक सामग्रीको सही प्रक्रियाबाट उचित मात्रा र समयमा खरिद गर्ने, खरिदको अभिलेख व्यवस्थापन गर्ने, नियमित सामग्रीको आपूर्ति, खाजाका सामानहरुको उचित भण्डारण गर्ने, अभिलेख परीक्षणगर्ने, यसको जिम्मेवारी र दिवा खाजा कार्यक्रमको सुशासन(पारदर्शिता, सही उपयोग)का विषयमा आवश्यक निर्णय तथा कार्य गर्नुपर्नेछ ।

११. यस कार्यक्रमका लागि विद्यार्थी हाजिरी विवरण, दैनिक खाजा खाएका बालबालिकाको विवरण, खाजाको गुणस्तर, विद्यार्थीको स्वास्थ्य लगायतका विषयमा संवेदनशील भई कार्य गर्नुपर्नेछ । विद्यार्थी विवरण ढाँट्ने र तोकिएको गुणस्तर पूरा नगरेको पाइएमा सम्बन्धित व्यक्तिलाई प्रचलित नियमानुसार कारबाही हुनेछ । निकासा भएको रकम अपुग वा बढी भएमा सोको जानकारी समयमै नगरपालिकामा गराउनुपर्नेछ ।

१२. मासिक विवरण फाराम भरी प्रमाणित गरेर शाखामा बुझाउनुपर्नेछ ।

१३. सामुदायिक विद्यालयका विद्यार्थीहरुका लागि दिवा खाजा कार्यक्रम सञ्चालन कार्यविधि, तथा प्रचलित कानुन वा प्राप्त निर्देशनबमोजिम कार्यक्रम गर्नुगराउनु होला ।

(जयराम अधिकारी)
उपसचिव

बोधार्थ: सबै वडा कार्यालयहरु, गोलबजार न.पा., सिरहा ।

सूचना प्रविधि शाखा, website, email मा upload हुन ।

## बालविकास केन्द्र देखि कक्षा ५ सम्मका दिवा खाजासम्बन्धी विद्यार्थी विवरण

विद्यालयको नाम: गोलबजार नगरपालिका

महिना :

| गते | बाल विकास केन्द्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | आज खुवाइएको संख्या | आजको परिकार |
|---|---|---|---|---|---|---|---|---|
| | उपस्थित | उपस्थित | उपस्थित | उपस्थित | उपस्थित | उपस्थित | | |
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |
| ६. | | | | | | | | |
| ७. | | | | | | | | |
| ८. | | | | | | | | |
| ९. | | | | | | | | |
| १०. | | | | | | | | |
| ११. | | | | | | | | |
| १२. | | | | | | | | |
| १३. | | | | | | | | |
| १४. | | | | | | | | |
| १५. | | | | | | | | |
| १६. | | | | | | | | |
| १७. | | | | | | | | |
| १८. | | | | | | | | |
| १९. | | | | | | | | |
| २०. | | | | | | | | |
| २१. | | | | | | | | |
| २२. | | | | | | | | |
| २३. | | | | | | | | |
| २४. | | | | | | | | |
| २५. | | | | | | | | |
| २६. | | | | | | | | |
| २७. | | | | | | | | |
| २८. | | | | | | | | |
| २९. | | | | | | | | |
| ३०. | | | | | | | | |
| ३१. | | | | | | | | |
| ३२. | | | | | | | | |
| जम्मा | | | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कुल भर्ना विद्यार्थी संख्या : ……… | कुल उपस्थित विद्यार्थी संख्या | | यस महिनामा खाजा खुवाएको दिन | कुल खाजा खाजा खुवाएको संख्या | | यस महिनामा खाजामा खर्च भएको रकम |

माथि लेखिएको खाजा खुवाएको विवरण ठिक भएकोले उक्त खर्च शोधभर्नाका लागि सिफारिस गर्दछौं ।

प्रधानाध्यापक

विव्यस अध्यक्ष